# दिव्यज्योति बहुमुखी क्याम्पस

बर्दघाट– ०२, चिसापानी, नवलपरासी

स्थापना : २०४७

# विधान २०५९

(२०७९/११/१६ सम्मको संशोधन सहित)

**प्रस्तावना**

लुम्बिनी अञ्चल नवलपरासी जिल्ला बर्दघाट नगरपालिका वार्ड नं. २, चिसापानीमा २०४७ सालमा स्थापना भएको दिव्यज्योति बहुमुखी क्याम्पस गैर नाफामूलक सामुदायिक क्याम्पस हो । क्याम्पसको शैक्षिक तथा भौतिक प्रगतिका लागि स्थानीय समाजसेवी तथा शिक्षाप्रेमीबाट पर्याप्त सहयोग प्राप्त गरी क्याम्पस वर्तमान अवस्था सम्म आईपुगेको छ । क्याम्पस सञ्चालन प्रक्रियालाई व्यवस्थित र नियमसंगत बनाउन २०५९ सालमा तयार गरी लागु गरिएको विधानलाई समयानुकुल परिमार्जन गरी सबल र सक्षम सामुदायिक क्याम्पसका रुपमा अगाडि बढाउन २०६५ सालमा प्रथम, २०६६ सालमा दोस्रो, २०७५ सालमा तेस्रो, २०७७ सालमा चौथो र २०७९ सालमा पाचौं संशोधन र परिमार्जन गरी लागु गरिएको छ ।

## परिच्छेद - १

**१. नाम र प्रारम्भ :**

यस विधानको नाम "दिव्यज्योति बहुमुखी क्याम्पस बर्दघाट - २, चिसापानी, नवलपरासीको विधान" रहेको छ । क्याम्पस सभाले अनुमोदन गरेको मिति देखि यो विधान लागू हुनेछ ।

**२. परिभाषा :**

क) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा क्याम्पस भन्नाले दिव्यज्योति बहुमुखी क्याम्पस बर्दघाट - २, चिसापानी, नवलपरासीलाई सम्झनु पर्दछ ।

ख) संचालक समिती भन्नाले क्याम्पस संचालनका लागी गठित समितिलाई सम्झनु पर्दछ ।

ग) प्राध्यापक भन्नाले क्याम्पसमा अध्यापनरत शिक्षण सहायक, सहायक प्राध्यापक, उप-प्राध्यापक, सह-प्राध्यापक र प्राध्यापकलाई सम्झनु पर्दछ ।

घ) क्याम्पस सभा भन्नाले विधानमा व्यवस्था भए अनुसारको सभालाई सम्झनु पर्दछ ।

ङ) कर्मचारी भन्नाले क्याम्पसको प्रशासनिक कामको लागि नियुक्त भएका सबै कर्मचारीलाई सम्झनु पर्दछ ।

च) पदाधिकारी तथा सदस्य भन्नाले क्याम्पस संचालक समितिका अध्यक्ष तथा सदस्यलाई सम्झनु पर्दछ ।

**३. क्याम्पस स्वशासित संस्था हुने :**

क) दिव्यज्योति बहुमुखी क्याम्पस एक स्वशासित र संगठित संस्था हुनेछ ।

ख) क्याम्पसको सबै काम कारवाहीका लागि आफ्नो छुट्टै छाप हुनेछ ।

ग) क्याम्पसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र व्यवस्थित गर्न सक्नेछ ।

घ) क्याम्पसले व्यक्ति सरह उजुर गर्न र क्याम्पस उपर पनि उजुर लाग्न सक्नेछ ।

## परिच्छेद - २

**४. क्याम्पस सभा :**

क्याम्पस संचालन सम्बन्धि वार्षिक नीति तथा कार्यक्रम पारित गर्ने, विधानलाई आवश्यकता अनुसार अनुमोदन गर्ने र संचालक समिति गठन गर्ने निकायका रुपमा एक क्याम्पस सभा रहनेछ । क्याम्पस सभा वार्षिक रुपमा सम्पन्न गरिनेछ ।

**५. क्याम्पस सभाको गठन :**

क्याम्पस सभा सदस्य हुन र क्याम्पस सभाको गठन देहाय बमोजिम हुनेछ :

क) क्याम्पस सभा सदस्य हुन सबै नेपाली नागरिक योग्य हुनेछन्

ख) आजीवन सदस्यहरु वा रु २५,००० वा सो भन्दा बढी चन्दा दिने सम्पूर्ण चन्दादाताहरु - सदस्य

ग) क्याम्पस संथापक संचालक समितिका पदाधिकारी तथा सदस्यहरु -सदस्य

घ) बोल कबोल अनुसारको चन्दा रकम भुक्तानी गर्न बाँकी रहेका व्यक्तिहरु क्याम्पस सभाको सदस्य मानिने छैन

घ) बोल कबोल अनुसारको चन्दा रकम भुक्तानी गर्न बाँकी रहेका व्यक्तिहरु क्याम्पस सभाको सदस्य मानिने छैन

**६. क्याम्पस सभाको काम, कर्तव्य र अधिकार :**

क) क्याम्पस संचालन सम्बन्धि नीति तथा कार्यक्रमहरु पारित गर्ने ।

ख) क्याम्पस संचालक समिति गठन गर्ने र सो को लागि आवश्यक प्रक्रिया अवलम्वन गर्ने ।

ग) क्याम्पसको विधान अनुमोदन गर्ने ।

**७. क्याम्पस सभाको गणपूरक संख्या :**

क्याम्पस सभाको गणपूरक संख्या पहिलो पटक ५१%, दोस्रो पटक ३३% र त्यसपछि उपस्थित संख्यालाई मानिने छ ।

**७.१ सल्लाहाकार समितिको गठन :**

पूर्व क्याम्पस संचालक समितिका अध्यक्षहरु मध्येबाट संयोजक रहने गरी ५ सदस्यीय एक सल्लाहाकार समितिको गठन गरिने छ ।

**परिच्छेद – ३**

**८. क्याम्पस संचालक समितिको गठन :**

क्याम्पस संचालन गर्ने निकायका रुपमा एक क्याम्पस संचालक समिति रहने छ । यसमा पदेन बाहेक बढिमा २० जनासम्म नेपाली नागरिकहरु पदाधिकारी रहनेछन् र संचालक समितिको पदावधि ४ वर्षको हुनेछ । संचालक समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) क्याम्पस सभाबाट निर्वाचित व्यक्ति – अध्यक्ष

ख) क्याम्पस सभाबाट निर्वाचित व्यक्ति – उपाध्यक्ष

ग) आजीवन सदस्य, सल्लाहाकार, सम्मान्य सल्लाहाकार र संरक्षकहरु मध्येबाट क्याम्पस सभाले निर्वाचित गरेका कम्तिमा २ महिला सहित ९ जना – सदस्य

घ) दिव्यज्योति माध्यमिक विद्यालय – १ पदेन सदस्य

ङ) बर्दघाट नगरपालिका – १ पदेन सदस्य

च) चिसापानी सामुदायिक वन – १ पदेन सदस्य

छ) प्राध्यापक संघ, दिव्यज्योति बहुमुखी क्याम्पस – १ पदेन सदस्य

ज) बर्दघाट नगरपालिका वडा नं. २, अध्यक्ष – १ पदेन सदस्य

झ) निवर्तमान अध्यक्ष – १ पदेन सदस्य

ञ) संयोजक सल्लाहाकार समिति – १ पदेन सदस्य

ट) बर्दघाट उद्योग वाणिज्य संघ – १ पदेन सदस्य

ठ) अध्यक्षबाट मनोनित बढिमा – ९ मनोनित सदस्य

ड) क्याम्पस प्रमुख – सदस्य–सचिव

**९. संचालक समितिको बैठक, गणपूरक संख्या र निर्णय प्रक्रिया :**

क) संचालक समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

ख) संचालक समितिको गणपूरक संख्या ५१% हुनेछ ।

ग) संचालक समितिका निर्णयहरु उपस्तिथ सदस्यहरुको बहुमतद्वारा पारित गरिनेछ । मत बरावर भएमा अध्यक्षको मत निर्णायक मानिनेछ ।

घ) संचालक समितिको बैठक अध्यक्षसँग सल्लाह गरी सदस्य सचिवले बोलाउनेछन् ।

**१०. संचालक समितिको काम, कर्तव्य र अधिकार :**

क) क्याम्पस प्रमुखको नियुक्ति गर्ने र निजको सुविधा तोक्ने ।

ख) क्याम्पसको आवश्यकता अनुसार प्राध्यापक तथा कर्मचारीको दरबन्दी सिर्जना गर्ने ।

ग) प्राध्यापक तथा कर्मचारीहरुको सेवा, सर्त, पारिश्रमिक तथा अन्य सुविधा तोक्ने ।
घ) क्याम्पसको वार्षिक बजेट निर्माण गर्ने ।
ङ) क्याम्पसको आम्दानी खर्चको व्यवस्थित हिसाब किताब राख्न लगाउने ।
च) आवश्यकता अनुसार सचिवालय, सल्लाहाकार, विभिन्न समिति, उपसमिति वा आयोग गठन गरि तिनिहरुको काम, कर्तव्य र अधिकार तोक्ने ।
छ) क्याम्पसका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरु प्रति अनुशासनात्मक कारबाही गर्ने ।
ज) क्याम्पसका लागि आवश्यक चन्दा, अनुदान, दान आदी भौतिक स्रोत जुटाउने र जनसहयोग परिचालन गर्ने ।
झ) क्याम्पस सु–व्यवस्थित संचालनका लागि आवश्यक नीति नियम बनाउने र अनुमोदनका लागि क्याम्पस सभामा पेश गर्ने ।
ञ) क्याम्पसका समस्याहरु समाधान गर्ने ।
ट) क्याम्पसको हितलाई ध्यानमा राखी कोषको प्रबन्ध तथा लगानी गर्ने ।
ठ) चल अचल सम्पत्ति खरिद–बिक्रि गर्ने र आवश्यकता अनुसार बैंक तथा वित्तिय संस्थाहरुमा क्याम्पसको नाममा खाता खोल्ने ।
ड) क्याम्पसको आवश्यकतालाई ध्यानमा राखी प्राध्यापक तथा कर्मचारीहरुको नियुक्ति गर्ने प्रक्रिया पुरा गरी अनुमति दिनुका साथै अनुमोदन गर्ने ।
ढ) क्याम्पसमा तोकिएको कार्यभार काम भएको अवस्थामा प्राध्यापक तथा कर्मचारीका दरवन्दिहरु कट्टा गरी कार्यरत प्राध्यापक तथा कर्मचारीहरुलाई नियमानुसारको सुविधा दिई सेवा निवृत्त गर्ने तर यसरी सेवा निवृत्त गर्दा एक शैक्षिकशत्रको मात्र कार्यभारलाई आधार मानिने छैन ।
ण) विभागीय अध्यक्ष र कार्यक्रम संयोजकहरुको सुविधा सम्बन्धि व्यवस्था गर्ने ।

**११. संचालक समितिका पदाधिकारी र सदस्यहरुको पद रिक्त रहने अवस्था**

क) लिखित राजिनामा स्वीकृत भएमा ।
ख) मानसिक सन्तुलन ठिक नरहेमा ।
ग) विना सुचना लगातार ३ पटक सम्म समितिको बैठकमा अनुपस्थित भएमा
घ) क्याम्पसको हित विपरित काम गरेमा ।
ङ) पदावधि समाप्त भएमा ।
च) क्याम्पस संचालक समितिका अध्यक्षले राजिनामा दिएमा ।
छ) पदेन सदस्यहरुको हकमा निज सम्बन्धित निकायमा कार्यरत नभएमा ।
ज) नैतिकपतन देखिने फौजदारी अभियोग प्रमाणित भई सजाय पाएमा ।
झ) अविश्वासको प्रस्ताव पारित भएमा ।

**१२. संचालक समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) क्याम्पस सभा र संचालक समितिको अध्यक्षता गर्ने ।
ख) विधान बमोजिम क्याम्पस सभा र संचालक समितिको बैठक बोलाउने ।
ग ) क्याम्पसको उत्थान र विकासका लागि भौतिक तथा आर्थिक सहयोग जुटाउने ।
घ) क्याम्पस सभा र संचालक समितिका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने र सो भएको नभएको निरीक्षण गर्ने ।
ङ) संचालक समितिको बैठकमा कुनै विषयम विवाद उत्पन्न भई मत बराबर भएमा निर्णायक मत दिने ।
च) क्याम्पसमा कार्यहरुको आवश्यकता अनुसार निरीक्षण गर्ने, गराउने र सल्लाह सुझाव दिने ।

छ) क्याम्पस प्रमुखको बिदा स्वीकृत गर्ने र काजमा खटाउने ।

ज) क्याम्पसको नियमित अनुगमन गर्ने ।

झ) आफ्नो अनुपस्थितिमा कार्य वाहक अध्यक्ष तोक्ने र जिम्मेवारी दिने ।

ञ) अध्यक्षले गर्ने भनी विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

**१३. सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) संचालक समितिको बैठक र क्याम्पस सभामा उपस्थित भई क्याम्पसको उन्नति, प्रगतिका लागि राय, सल्लाह र सुझाव दिने ।

ख) संचालक समितिले तोकेका विविध कार्यहरु गर्ने ।

ग) उप समितिहरुमा रही क्याम्पस व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

**१४. अविश्वासको प्रस्ताव :**

क) अविश्वासको प्रस्ताव कुन कुन पदाधिकारी तथा सदस्यका विरुद्ध हो स्पष्ट लिखित रुपमा खुलाई नियम बमोजिम रित पुऱ्याई क्याम्पसमा दर्ता गराई सो मार्फत संचालक समितिमा पेश गर्नुपर्नेछ।

ख) अविश्वासको प्रस्ताव क्याम्पस सभाका सदस्यहरु मध्येबाट न्युनतम एक चौथाई सदस्यहरुको नाम, थर, ठेगाना र दस्तखत सहितको प्रस्ताव संचालक समितिमा पेश गर्नु पर्नेछ । प्रस्ताव दर्ता पश्चात सदस्य सचिवले प्रस्तावमा नाम उल्लेख गरिएका सदस्यहरुलाई सनाखत गराई प्रमाणित गरिएपछि मात्र विधान बमोजिम बैठक बोलाउनु पर्नेछ। सनाखत गर्न इन्कार गरेमा वा आवश्यक संख्या नपुगेमा प्रस्ताव स्वतः रद्द हुनेछ ।

**१५. अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :**

क ) क्याम्पस सभा तथा विशेष सभाको अध्यक्षता गर्ने व्यक्तिले अविश्वासको प्रस्ताव सभामा पेश गर्ने अनुमति दिनेछ । यसरी पेश हुन आएको प्रस्ताव पेश गर्ने सदस्यहरु मध्येबाट एक जनाले अविश्वासको प्रस्ताव ल्याउन परेको कारण बारे सभालाई अवगत गराउनु पर्नेछ ।

ख) अविश्वासको प्रस्ताव पेश भए पश्चात सो प्रस्ताव उपर मत प्रकट गर्न चाहेमा बढीमा अन्य दुई जना सदस्यलाई अध्यक्षले आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्न समय दिन सक्नेछन् ।

ग) अविश्वासको प्रस्ताव जसका विरुद्ध पेश गरिएको हो त्यस्ता सदस्यलाई आफ्नो सफाईको मौकाका लागि लिखित जवाफ वा सभामै मौखिक प्रस्तुती पेश गर्न समय दिईनेछ । सो सुनवाईको अवसर दिई सकेपछि अध्यक्षले उक्त प्रस्तावलाई क्याम्पस सभामा निर्णयार्थ पेश गर्नेछ ।

**१६. अविश्वासको प्रस्तावमाथि निर्णय :**

क) क्याम्पस सभाको दुई तिहाई बहुमतले उक्त प्रस्ताव छानबिन गरि दिईएको निर्णयलाई पारित भएको मानिनेछ ।

ख) गोप्य मतदानबाट अविश्वासको प्रस्तावमा निर्णय गराइनेछ ।

ग) क्याम्पस सभाका कुल सदस्य संख्याको दुई तिहाई मतले अविश्वासको प्रस्तावको पक्ष वा विपक्षमा दिईएको मत नै निर्णायक मानिनेछ । त्यस्तो प्रस्ताव पारित भएमा जसको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएको हो सो व्यक्ति सो पदबाट मुक्त हुनेछन् ।

## परिच्छेद -४

**१७. लेखा समिति :**

क्याम्पसम देहाय बमोजिमको लेखा समिति हुनेछ , जसको कार्यावधि एक कार्यकालको हुनेछ ।

क) लेखा सम्बन्धि ज्ञान भएको संचालक समितिबाट तोकेको व्यक्ति - संयोजक र एक जना – सदस्य

ख) लेखा विषयका प्राध्यापकहरु मध्येबाट प्राध्यापक संघले छनौट गरेको व्यक्ति - सदस्य

**१८. लेखा समितिको काम, कर्तव्य र अधिकार :**

क) आन्तरिक लेखा परीक्षण गर्ने र त्यसको प्रतिवेदन संचालक समितिमा बुझाउने ।

ख) बैंकमा रहेका खाताहरु जाँचबुझ  गर्ने र तिनीहरुलाई व्यवस्थित गर्ने ।

ग) क्याम्पसको आय व्ययको जाँच गर्ने ।

घ) वेरुजु देखाउने र असुल उपर गर्न संचालक समितिमा सिफारिस गर्ने ।

ङ) क्याम्पसको लेखा सम्बन्धी गोपनीयता कायम गर्ने ।

च) संचालक समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद -५

**१९. भौतिक निर्माण समिति**

क्याम्पसमा देहाय बमोजिमको भौतिक निर्माण समिति रहने छ, जसको पदावधि ४ वर्षको हुनेछ ।

क) संचालक समितिबाट मनोनित सदस्य - सयोजक

ख) संचालक समितिबाट मनोनित सदस्य - सदस्य

ग) क्याम्पस प्रमुख -सदस्य

घ) प्राध्यापक संघका सभापति - सदस्य

ङ) स्व. वि. यु. सभापति - सदस्य

**२०. भौतिक निर्माण समितिको काम, कर्तव्य र अधिकार :**

क) क्याम्पसको कार्यालय भवन, कक्षा कोठा, छात्रावास, प्राध्यापक आवास गृह, पर्खाल जस्ता भौतिक निर्माण कार्यका विषयमा आवश्यक निर्णय गर्ने ।

ख) निर्माण कार्यका लागि प्राविधिकको सल्लाह बमोजिम बजेट निर्धारण गर्ने ।

ग) संचालक समितिमा निर्माण सम्बन्धी कार्य अनुमोदनका लागि पेश गर्ने ।

घ) निर्माण सम्बन्धी नाप नक्सा बनाउन तथा आवश्यक रेखदेख गर्न प्राविधिक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

ङ) निर्माण सम्बन्धी कार्यका लागि टेन्डर आव्हान गर्ने र स्वीकृत गर्ने ।

च) निर्माण कार्यको नियमित निरिक्षण र सुपरिवेक्षण गर्ने ।

छ) संचालक समितिले तोके बमोजिमका अन्य निर्माण सम्बन्धी कार्य गर्ने ।

## परिच्छेद -६

**२१. क्याम्पस प्रमुखको नियुक्ति :**

क) क्याम्पस प्रमुखको नियुक्ति संचालक समितिको निर्णयानुसार अध्यक्षले गर्नेछन्।

ख) क्याम्पसमा काम गरि सकेका प्राध्यापकहरु मध्येबाट जेष्ठता, प्रशासनिक कार्यदक्षता, अनुभव र प्राज्ञिक क्षमताका आधारमा संचालक समितिले क्याम्पस प्रमुखको छनौट गर्नेछ ।

ग) क्याम्पस प्रमुखले संचालक समितिले तोके बमोजिम सुविधा पाउनेछन् ।

**२२. क्याम्पस प्रमुखको कार्यावधि :**

क्याम्पस प्रमुखको कार्यावधि ४ वर्षको हुनेछ । कार्य सम्पादन, मुल्याङकनको आधारमा आवश्यक परेमा बढीमा १ पटकका लागि पुनः नियुक्ति गर्न सकिनेछ ।

२३. क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकारः

क ) क्याम्पसको अनुमानित बजेट संचालक समितिमा पेश गर्ने ।

ख) क्याम्पसको वार्षिक आय व्ययको प्रतिवेदन पेश गर्ने ।

ग) आवश्यक प्राध्यापक तथा कर्मचारीको दरबन्दी सृजना गर्न संचालक समितिमा प्रस्ताव राख्ने ।

घ) प्राध्यापक तथा कर्मचारीलाई नियुक्ति दिने ।

ङ) क्याम्पसको शैक्षिक तथा आर्थिक प्रशासनको जिम्मेवारी लिई संचालक समितिको नीति र नियम अनुसार क्याम्पस संचालन गर्ने ।

च) विद्यार्थी भर्नाको लागि नीति नियम बनाई लागु गर्ने ।

छ) आचारसंहिता उल्लघंन गर्ने विद्यार्थीलाई अनुशासनात्मक कारवाही गर्ने ।

ज) अनुशासनहिन रेकर्ड भएका विद्यार्थीलाई भर्नाबाट रोक्ने ।

झ) आन्तरिक तथा बाह्य परीक्षाका रेकर्डहरु व्यवस्थित रुपले राख्न लगाउने ।

ञ ) क्याम्पसको लागि आवश्यक पर्ने सरसामान खरिद गर्ने, काम नलाग्ने सामान लिलाम गर्ने र ठक्कापट्टाको व्यवस्था गर्ने ।

ट) क्याम्पसको लेखा दुरुस्त राख्न लगाउने ।

ठ) क्याम्पसके सम्पतिको सुरक्षा र सदुपयोग गर्ने ।

ड) प्राध्यापक तथा कर्मचारीको कामको बाँडफाँड गर्ने र आवश्यक परेमा स्पष्टिकरण माग गर्ने

ढ) संचालक समितिबाट स्वीकृत भएको दरवन्दी अनुसार आवश्यक पर्ने प्राध्यापक तथा कर्मचारीहरुको स्थाई नियुक्तिका लागि आवश्यक प्रक्रिया पुरा भएपछि नियुक्ति दिने ।

ण) प्राध्यापक तथा कर्मचारीलाई अनुशासन सम्बन्धि कारबाही निलम्बन वा निश्कासन गर्नुपर्दा सो गर्नुको कारण खुलाई संचालक समितिमा पेश गरि स्वीकृत भई आए बमोजिम गर्ने । त्यसरी निलम्वन वा निश्कासन गर्नुपर्दा स्पष्टिकरणका लागि कम्तीमा १५ दिनको म्याद दिनु पर्नेछ र संचालक समितिले पुनः विचार गरी गरको निर्णय अन्तिम निर्णय मानिनेछ ।

त) प्राध्यापक तथा कर्मचारीलाई भ्रमण आदेश दिने र काजमा खटाउने ।

थ) प्राध्यापक तथा कर्मचारीलाई विदाको स्वीकृति दिने र विदाको रेकर्ड राख्न लगाउने ।

द) राम्रो काम गर्ने प्राध्यापक तथा कर्मचारीलाई ग्रेड थप वा अन्य पुरस्कार प्रदान गर्न संचालक समितिमा सिफारिस गर्ने ।

ध) गलत काम गर्ने प्राध्यापक तथा कर्मचारीलाई दण्ड दिन संचालक समितिमा सिफारिस गर्ने

न) आफ्नो अनुपस्थितिमा क्याम्पसको नियमित काम गर्न बढीमा ३० दिनका लागि
निमित्त क्याम्पस प्रमुख तोक्ने, सो भन्दा बढी समयका लागि संचालक समितिमा सिफारिस गर्ने ।

प) असम्बन्धित व्यक्तिलाई क्याम्पस हाता भित्र प्रवेश गर्न रोक लगाउने

फ) क्याम्पसमा असाधारण स्थिति आई क्याम्पसको पठन पाठन सुचारु रुपले चल्न नसक्ने स्थिति सिर्जना भएमा बढीमा ७ दिनका लागि क्याम्पस बन्द गर्न सक्नेछन् । सो भन्दा बढी समय सम्म क्याम्पस बन्द गर्नु परेमा संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

ब) क्याम्पसको आवश्यकता अनुसार अध्यक्षसंग परामर्स गरी आंशिक प्राध्यापक तथा कर्मचारी नियुक्ति गर्ने र म्याद थप गर्ने ।

भ) आवश्यकता अनुसार विभागीय अध्यक्ष, कार्यक्रम संयोजक तोकी कार्यविभाजन गरी काममा लगाउने ।

म) क्याम्पस आफ्नो काम कारबाहीको निमित्त संचालक समिति प्रति उत्तरदायी हुनेछ ।

य) क्याम्पसका प्राध्यापक तथा विद्यार्थीको प्रतिनिधित्व समेत भएको समिति बनाई तोकिए बमोजिम छात्रवृत्ति प्रदान गर्ने ।

र) विद्यार्थीहरुको आर्थिक अवस्था हेरी शुल्क मिनाह गर्ने ।

व) सार्वजनिक विदा बाहेक स्थानिय विदा १ वर्षमा बढीमा ६ दिन दिने ।

श) विधानमा क्याम्पस प्रमुखले गर्ने भनि तोकिएको कार्य गर्ने ।

**२४. सहायक क्याम्पस प्रमुखको नियुक्ति :**

क्याम्पस प्रमुखलाई दैनिक कार्य संचालनमा सहयोग पुऱ्याउन संचालक समितिले जेष्ठता, योग्यता र प्राज्ञिक क्षमताको आधारमा क्याम्पसमा कार्यरत प्राध्यापकहरु मध्येबाट क्याम्पस प्रमुखको सिफारिसमा आवश्यकता अनुसार सहायक क्याम्पस प्रमुखको पदमा छनौट गर्नेछ । निजको पदावधि २ वर्षको हुनेछ र कार्य सम्पादन, मुल्याङ्कनको आधारमा सन्तोषजनक देखिएमा बढीमा १ कार्यकालका लागि पुन: नियुक्ति दिन सकिनेछ । सहायक क्याम्पस प्रमुखले संचालक समितिले तोके बमोजिम सुविधा पाउनेछन् ।

**२५. सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार :**

क) सहायक क्याम्पस प्रमुख क्याम्पस प्रमुख र संचालक समिति प्रति पूर्ण उत्तरदायी हुनेछन ।

ख) क्याम्पस प्रमुखको अनुपस्थितिमा दैनिक प्रशासन संचालन गर्ने ।

ग) क्याम्पस प्रमुखलाई आवश्यक सल्लाह दिने र सहयोग पुऱ्याउने ।

घ) क्याम्पसको कक्षाहरु संचालन गर्न समय तालिका बनाउने ।

ङ) क्याम्पस संचालनका लागि क्याम्पस प्रमुखले तोके बमोजिम काम गर्ने ।

**२६. शिक्षण विभाग :**

क) क्याम्पसमा प्राध्यापन गर्ने कम्तीमा ५ जना प्राध्यापक कार्यरत रहेका प्रत्येक विषयका निमित्त क्याम्पस प्रमुखले विषयगत शिक्षण विभाग गठन गर्नेछन । कुनै विषयमा ५ जना भन्दा कम विषयगत प्राध्यापक भएमा ती विषयहरुका लागि संयुक्त शिक्षण विभाग रहनेछ ।

ख) शिक्षण विभागमा सम्वन्धित विषयका सवै प्राध्यापकहरु सदस्य हुनेछ ।

ग शिक्षण विभागका अध्यक्ष वा संयोजकको पदावधि २ वर्षको हुनेछ ।

घ) शिक्षण विभागका अध्यक्ष वा संयोजकले संचालक समितिले तोके बमोजिम सुविधा पाउनेछन ।

ङ) शिक्षण विभागको वैठक कम्तिमा २ महिनामा १ पटक बस्नेछ ।

च) शिक्षण विभागका अध्यक्षले शिक्षण समिति र क्याम्पस प्रमुखको राय लिई सम्बन्धित विषयको स्तर वृद्धिका लागि अनुसन्धानात्मक कार्य संचालन गर्ने, पाठ्यभार विभाजन गर्ने, कक्षा प्रगति विवरण संकलन गरी क्याम्पस प्रमुखलाई जानकारी गराउने र शैक्षिक स्तर वृद्धि गर्न आवश्यक कार्य गर्ने र सुझाव पेश गर्ने जस्ता कार्य गर्नुका साथै विभाग अनुसारको जिम्मेवारी निर्वाहा गर्नेछन ।

**२७. दरवन्दी सम्बन्धि व्यवस्था तथा पदको वर्गिकरण :**

क) क्याम्पसमा संचालित शैक्षिक कार्यक्रममा चालुरहेका विषयगत कार्यक्रम तथा कक्षाभारका आधारमा संचालक समितिको बैठकबाट दरवन्दी सिर्जना गरिनेछ ।

ख) दरवन्दी सिर्जना गर्दा कम्तीमा १ वर्ष कक्षा संचालन भैसकेका विषयगत पाठ्यभारलाई मात्र आधार मानिनेछ ।

ग) कर्मचारीको सन्दर्भमा कार्यालयको कार्यभारलाई दृष्टिगत गरी संचालक समितिको बैठकले आवश्यक दरवन्दी सिर्जना गर्नेछ।

घ) प्राध्यापक तथा कर्मचारीको पदको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

- प्राध्यापक तर्फ :

प्राध्यापक

सह-प्राध्यापक

उप-प्राध्यापक

सहायक प्राध्यापक

शिक्षण सहायक

- कर्मचारी तर्फ

प्रशासक

सह- प्रशासक

उप - प्रशासक

सहायक प्रशासक

नायब सुब्बा/ लेखापाल वा सो सरह

कार्यालय सहायक /खरिदार वा सो सरह

कार्यालय सहायक /मुखिया वा सो सरह

कार्यालय सहयोगी वा सो सरह

उल्लिखित पद बाहेक संचालक समितिले त्रि. वि. नियमावली अनुसारका अन्य पद सिर्जना गर्न सक्नेछ।

**२८. पद पुर्ति तथा नियुक्ति सम्बन्धि व्यवस्था :**

क) पद पुर्ति तथा नियुक्ति सम्बन्धि व्यवस्था शिक्षक, कर्मचारी, सेवा,सर्त र सुविधा सम्बन्धि नियमावली २०७२ अनुसार हुनेछ।

ख) क्याम्पसको स्थायी, अस्थायी, करार र आंशिक जुनसुकै सेवामा प्रवेश गर्नका लागि बढीमा ४० वर्ष उमेरको हद कायम गरिएको छ तर सेवामा प्रवेश गरि सकेको हकमा यो उमेर हद लागुहुने छैन।

**२९ पद रिक्त हुने अवस्था :**

प्राध्यापक तथा कर्मचारीहरुको देहायको अवस्थामा पद रिक्त हुनेछ।

क) लिखित राजिनामा दिई राजिनामा स्वीकृत भएमा।

ख) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र शिक्षण विभागका अध्यक्षको हकमा निजहरुको तोकिएको पदावधि समाप्त भएमा तर त्यस्तो अवस्थामा शैक्षिक पद भने कायम रहनेछ।

ग) मानसिक सन्तुलन ठिक नभएमा।

घ) नैतिक पतन देखिने गम्भीर प्रकृतिको फौजदारी अभियोग लागि सजाय पाएमा।

ङ) आफ्नो पदको दायित्व निर्वाहा नगरेको वा क्याम्पसको हित विपरित काम गरेको ठहराई संचालक समितिको बहुमतबाट निश्कासन गरेमा। यसरी निश्कासन गर्दा निजलाई आफ्नो सफाई पेश गर्न कम्तिमा १५ दिनको म्याद दिनु पर्नेछ।

च) क्याम्पस सेवामा रहेका प्राध्यापक तथा कर्मचारी ६३ वर्ष पुरा भएमा।

**३०. सेवा, सर्त र सुविधा सम्बन्धि व्यवस्था :**

क) प्राध्यापक तथा कर्मचारीहरुलाई दिइने भत्ता र अन्य सुविधा त्रि. वि. ले निर्धारण गरेको प्रचलित नियमलाई दृष्टिगत गरि क्याम्पसको आर्थिक स्थितिको आधारमा क्याम्पसको आन्तरिक नियमावलीले व्यवस्था गरे बमोजिम हुनेछ।

ख) स्थायी तथा अस्थायी प्राध्यापक तथा कर्मचारीहरुको तलब र ग्रेड त्रि. वि. ले निर्धारण गरे बमोजिम हुनेछ।

ग) करार तथा आंशिक प्राध्यापक तथा कर्मचारीको हकमा संचालक समितिले तोके बमोजिम हुनेछ।

३१. संचयकोष सम्बन्धि व्यवस्था :

क) कुनै पनि स्थायी प्राध्यापक तथा कर्मचारीले स्थायी भएको मिति देखिनै संचयकोषको सुविधा पाउनेछन । स्थायी प्राध्यापक तथा कर्मचारीले खाईपाई आएको तलबको १०% रकम निजको तलबबाट कट्टा गरी त्यतिनै रकम बराबर क्याम्पसको तर्फबाट संचयकोष अनुदान थप गरी सबै रकम स्वीकृत कोषमा सम्बन्धित प्राध्यापक तथा कर्मचारीको जम्मा गरिनेछ ।

ख) संचयकोष सम्बन्धि अन्य व्यवस्था रकम जम्मा गर्ने संस्था र कोषको नियमावली अनुसार हुनेछ ।

३२. बिदा सम्बन्धि व्यवस्था :

प्राध्यापक तथा कर्मचारीहरुको बिदा सम्बन्धि सुविधा/व्यवस्था शिक्षक कर्मचारी सेवा, सर्त र सुविधा सम्बन्धि नियमावली २०७२ मा व्यवस्था भए अनुसार हुनेछ ।

३३. योगदानमा आधारित अवकाश कोष सम्बन्धि व्यवस्था :

क्याम्पसमा स्थायी रुपमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुलाई योगदानमा आधारित अवकाश कोष सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) उपदान सम्बन्धि व्यवस्थाको सट्टामा योगदानमा आधारित अवकाशकोषको व्यवस्था गरिनेछ, जसमा स्थायी प्राध्यापक तथा कर्मचारीहरुको खाईपाई आएको तलबको १०% कट्टा गरी सोही प्रतिशत अनुदान स्वरुप थप गरी स्थानीय बैंकमा क्याम्पसको खातामा प्राध्यापक संघको सभापति सभापति समेतको दस्तखतमा सन्चालन हुने गरि जम्मा गरिनेछ ।

ख) ३३ (क) व्यवस्था लागु हुनुभन्दा अघिका प्राध्यापक तथा कर्मचारीहरुको उपदानको महिना/दिन यकिन गरी स्रेस्तामा अभिलेख राखी बढिमा ३ वर्षमा पाउने रकमको अनुपातको आधारमा भुक्तानी गरिने छ ।

३४. बढुवा सम्बन्धि व्यवस्था :

क्याम्पसमा स्थायी सेवामा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको बढुवा सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

- प्राध्यापक तर्फ :

  क) क्याम्पसमा शिक्षण सहायक वा सो सरह पदमा ५ वर्ष स्थायी सेवा गरेका व्यक्तिलाई उप-प्राध्यापक पदमा बढुवाका लागि योग्यता पुगेको मानिनेछ ।

  ख)उप-प्राध्यापकबाट सह-प्राध्यापक पदमा बढुवाका लागि उप-प्राध्यापक पदमा स्थायी भई निरन्तर ५ वर्ष सेवा अवधि पुरा गरेको व्यक्तिलाई सह-प्राध्यापक पदमा बढुवाका लागि योग्यता पुगेको मानिनेछ । तर एम फिल (M. phil) वा विद्यावारीधि (Ph.D.) गरेको व्यक्तिलाई उप-प्राध्यापक समेत भई ३ वर्ष सेवा पुरा गरेपछि सह-प्राध्यापक पदमा प्रतिस्पर्धा गर्न योग्य मानिने छ ।

  ग) सह-प्राध्यापक पदमा एम फिल (M. phil) वा विद्यावारीधि (Ph.D.) गरी कम्तिमा ३ वर्ष कार्यरत प्राज्ञिक विशिष्टता हासिल गरेको वा सह-प्राध्यापक पदमा कम्तीमा ५ वर्ष सेवा अवधि पुरा गरेका व्यक्ति प्राध्यापक पदमा बढुवाका लागि योग्य हुनेछन ।

  घ) प्राध्यापकलाई तल्लो तहबाट माथिल्लो तहमा बढुवा गर्दा माथिल्लो तहको दरबन्दी सिर्जना गरेर मात्र बढुवा गर्न सकिनेछ ।

- **कर्मचारी तर्फ :**

क) पियन पदमा काम गर्ने कर्मचारी बाहेक मुखिया र खरिदार वा सो सरहको पदमा कम्तीमा ५ वर्षसम्म अविछिन्न रुपमा स्थायी सेवा गरेका र योग्यता पुगेका कर्मचारीलाई माथिल्लो तहमा बढुवाका लागि योग्यता पुगेको मानिनेछ ।

ख) नायब सुब्बा / लेखापाल, वा सो सरह र सो भन्दा माथिका पदमा कम्तीमा ७ वर्षसम्म अविछिन्न रुपमा स्थायी सेवा गरी माथिल्लो पदको योग्यता पुगेको भएमा मात्र माथिल्लो तहमा बढुवाका लागि योग्यता पुगेको मानिनेछ ।

**३५. सेवा अवधिको गणना :**

प्राध्यापक तथा कर्मचारीले क्याम्पसमा गरेको सेवाको गणना गर्दा यस क्याम्पसमा गरेको सेवालाई मात्र आधार मानिनेछ । जेष्ठता क्रम निर्धारणमा समेत यसैलाई आधार मानिनेछ ।

**परिच्छेद -७**

**३६. प्राध्यापक तथा कर्मचारीले पालना गर्नु पर्ने आचारसंहिता :**

क) क्याम्पसले तोकेको समयमा उपस्थित रही आफ्नो पदीय दायित्व पुरा गर्नु पर्नेछ ।

ख) क्याम्पस प्रमुखको अनुमतिवेगर क्याम्पसको गोप्यता भंग गर्न वा सुचना प्रकाशित गराउन पाईने छैन ।

ग) क्याम्पस भित्र वा बाहिर आफ्नो प्रतिष्ठा कायम रहने गरी आफ्नो व्यक्तिगत नैतिकता शुद्ध राखी पद अनुसारको आचरण पालना गर्नु पर्नेछ ।

घ) आफूभन्दा माथिका प्राध्यापक तथा कर्मचारी प्रति उचित आदरभाव देखाउनु पर्नेछ । आफूभन्दा मुनिकालाई उचित व्यवहार गर्नु पर्नेछ ।

ङ) क्याम्पसमा तालाबन्दी घेराउ , जुलुस, प्रदर्शन, नाराबाजी र शारीरिक वा मानसिक दवाव सिर्जना गर्न पाईने छैन ।

च) क्याम्पसलाई हानी नोक्सानी हुने गरी अनुचित नियत राखी भ्रष्टचार गर्ने वा अख्तियार दुरुपयोग गर्ने जो कोहिपनि तत्काल दण्डभागी हुनेछन ।

छ) स्थायी, अस्थायी प्राध्यापक तथा कर्मचारीले संचालक समितिले तोकेको पदाधिकारीको स्वीकृती वेगर अन्य स्थानमा काम गर्न पाईने छैन ।

ज) माथि उल्लिखित आचारसंहिता उल्लङ्घन गर्ने प्राध्यापक तथा कर्मचारीलाई क्याम्पस प्रमुखले मौखिक चेतावनी वा लिखित नसिहत दिन सक्नेछन । त्यसबाट पनि आफ्नो आचरण नसुधारेमा क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिले ग्रेड तथा बढुवा रोक्का गर्ने , हानि नोक्सानी भएको भए क्षति पुर्ति गराउने तथा सेवाबाट समेत मुक्त गराउन सक्नेछन । सेवाबाट मुक्त गराउनुपर्दा आरोप स्पष्ट किटान गरी सेवा मुक्त गराउनुपर्ने कारण समेत खुलाई सम्बन्धित प्राध्यापक तथा कर्मचारीलाई आफ्नो सफाई पेश गर्न १५ दिनको म्याद दिई लिखित स्पष्टिकरण माग्नुपर्नेछ । सो स्पष्टिकरण उचित नदेखियमा संचालक समितिको बहुमताको निर्णयबाट निजलाई सेवा मुक्त गराउन सकिनेछ ।

**३७. विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता :**

क) विद्यार्थीहरु नियमानुसार अनुशासनमा रहनुपर्दछ ।

ख) क्याम्पसले जारी गरेको नियम पालना गर्नु विद्यार्थीहरुको कर्तव्य हुनेछ ।

ग) क्याम्पस हाताभित्र कुटपिट गर्न, गालीगलौज गर्न र हातहतियार सहित उपस्थित हुन पाईनेछैन ।

घ) क्याम्पस प्रमुखको स्वीकृतिबेगर सभा, नाटक, नाचगान आदि कार्यक्रम गर्न पाईनेछैन ।साथै क्याम्पसलाई आँच आउने गरी बोल्न पाईनेछैन ।

ङ) क्याम्पसका प्राध्यापक तथा कर्मचारीलाई क्याम्पस भित्र वा बाहिर कुटपिट गर्न, गालीगलौज गर्न, लेखेर वा बोलेर बेइज्जत गर्न पाईनेछैन ।

च) क्याम्पसका पुस्तक फर्निचर , उपकरण आदि चल अचल सम्पतिको दुरुपयोग वा हिनामिना गर्न पाईनेछैन । त्यस्तो भएमा क्षतिपूर्ति दिनुपर्नेछ ।

छ) क्याम्पसमा तालाबन्दी , घेराउ, जुलुस, प्रदर्शन गर्न पाईनेछैन ।

ज) उल्लिखित आचारसंहिता उल्लघंन गर्ने विद्यार्थीलाई क्याम्पस प्रशासनले उचित छानबिन गरी नसिहत दिने, हानी नोक्सानीको क्षतिपूर्ति भराउने, अपराधको अनुपातमा आर्थिक जरिवाना गर्ने, केहि समयका लागि कक्षाबाट निलम्बन गर्ने तथा क्याम्पसमा अध्ययन गर्न नपाउने गरी निष्काशन गर्न सक्नेछ ।

## परिच्छेद -८

### ३८. आर्थिक प्रशासन सम्बन्धी व्यवस्था :

क) क्याम्पसका एक आर्थिक कोष रहनेछ । त्यस कोषलाई क्याम्पस संचालन कोष, भौतिक सुविधा कोष, अक्षय कोष आदिमा आवश्यकता अनुसार वर्गिकरण गरी संचालन गरिनेछ । आर्थिक कोष नजिकको स्थानिय बैंकमा खाता खोली राखिनेछ। सो को संचालन क्याम्पस प्रमुख र संचालक समितिले तोकेको व्यक्तिको सयुक्त दस्तखतबाट हुनेछ ।

ख) क्याम्पस संचालन कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

- क्याम्पसका विद्यार्थीहरुबाट उठेको सबै प्रकारको शुल्क
- क्याम्पस संचालनका लागि भनी प्राप्त भएको दान, दातव्य र अनुदान
- सापटी लिएको रकम
- ब्याज रकम

### ३९. खरिद सम्बन्धी व्यवस्था :

क) रु १,००,०००/- सम्मका मालसमान क्याम्पस प्रमुखले खरिद गर्न सक्नेछन ।

ख) रु १,००,०००/- भन्दा माथि रु २,००,००० /- सम्मका मालसमान खरिद गर्नुपर्दा क्याम्पस प्रमुखले संचालक समितिका अध्यक्षसंग परामर्श गरी खरिद गर्न सक्नेछन ।

ग) रु २,००,००० /- भन्दा बढी मुल्य पर्ने मालसमान खरिद गर्नुपर्दा शिल्डटेण्डर वा कोटेशन माग गरी क्याम्पस प्रमुख, लेखा प्रमुख र संचालक समितिको प्रतिनिधिको निर्णय अनुसार क्याम्पस प्रमुखले खरिद गराउन सक्नेछन । यसरी शिल्डटेण्डर वा कोटेशन माग गर्दा प्रचलित ऐन नियम बमोजिम हुनुपर्नेछ ।

### ४० . लिलाम सम्बन्धी व्यवस्था :

क) क्याम्पसलाई नचाहिने वा सडेर गलेर जाने वा काममा ल्याउन नसकिने खालका मालसामानहरु छुट्याई सो को विवरण तयार गरी बढीमा १५ दिनको सुचना निकालि लिलाम बिक्रि गर्न सकिनेछ ।

ख) लिलाम बढाबढ गर्ने समितिमा क्याम्पस प्रमुख, लेखा प्रमुख र संचालक समितिका प्रतिनिधि रहनेछन ।

ग) लिलाम बढाबढ गर्दा सबैभन्दा ठुलो अंक स्वीकृत गर्ने वा नगर्ने अधिकार उक्त समितिलाई हुनेछ ।

घ) लिलाम बढाबढ गर्दा कबुल गरेको कुल अंकको १०% रकम नगद तुरुन्त बुझाउनु पर्नेछ ।

ङ) बोलकबोल स्वीकृत हुनेले आफुले जम्मा गरेको रकम कट्टा गरी बाँकी रकम ७ दिन भित्र जम्मा गरी लिलाम भएको सामान उठाई सक्नुपर्नेछ ।

च) तोकिएको समयभित्र रकम नबुझाएमा वा मालसामान नउठाएमा जम्मा भएको रकम फिर्ता गरिनेछैन ।

**४१. लेखापरीक्षण सम्बन्धी व्यवस्था :**

क) क्याम्पसको आफ्नो वर्ष भरीको आम्दानी खर्च सम्बन्धी अभिलेखको लेखापरिक्षण आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गराई सक्नुपर्नेछ ।

ख) लेखापरीक्षकको पारिश्रमिक संचालक समितिले तोके बमोजिम हुनेछ ।

ग) लेखापरीक्षकको नियुक्ति संचालक समितिले गर्नेछ ।

परिच्छेद -९

**४२. विघटन :**

कुनैपनि कारणले दिव्यज्योति बहुमुखी क्याम्पस विघटन भएमा यसको जायजेथा, चल अचल सम्पत्ति नेपाल सरकारको मातहतमा वा त्रि.वि. नियमानुसार हुनेछ ।

**४३. विधान संशोधन :**

विधान संशोधनको लागि संचालक समितिले एक उप समिति गठन गर्नेछ । उप समितिको सुझाव अनुसार संचालक समितिले संशोधन सहित पारित गर्नेछ । त्यसको अनुमोदन क्याम्पस सभाबाट हुनुपर्नेछ ।

**४४. निष्क्रियता :**

यस विधानमा उल्लेख भएका कुनै कुरा प्रचलित ऐन कानुनसंग बाझिएमा बाझिएको हदसम्म निष्क्रिय भएको मानिनेछ ।

**४५. राजीनामा :**

क्याम्पस सेवाबाट राजीनामा दिन चाहने क्याम्पस प्रमुखले संचालक समिति समक्ष, सहायक क्याम्पस प्रमुख, प्राध्यापक तथा अधिकृत स्तरको कर्मचारीले क्याम्पस प्रमुख मार्फत अध्यक्ष समक्ष र अन्य कर्मचारीले क्याम्पस प्रमुख समक्ष राजीनामा दिनुपर्नेछ । अधिकारवालाले राजीनामा स्वीकृत वा अस्वीकृत गर्न सक्नेछन ।

**४६ . बाधा अडकाउ फुकाउने र नियम विनियम बनाउने अधिकार :**

यस विधानमा नपरेका वा कुनै नियम विनियम संग बाझेको विषयमा बाधा अडकाउ फुकाउने अधिकार संचालक समितिमा रहनेछ । यस विधान अन्तरगत रही संचालक समितिले क्याम्पस संचालनका लागि आवश्यक नियम विनियम बनाउन सक्नेछ र सो नियम विनियमलाई क्याम्पस सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

परिच्छेद -१०

**४७. प्राध्यापक संघको गठन**

क) क्याम्पसमा कार्यरत प्राध्यापकहरुको छाता संगठनको रुपमा एक प्राध्यापक संघ रहनेछ ।

ख) प्राध्यापक संघको निर्वाचन प्रकृया सम्बन्धीत प्राध्यापक संघको विनियमले तोके बमोजिम हुनेछ ।

परिच्छेद -११

**४८. कर्मचारी युनियनको गठन :**

यस क्याम्पसमा कार्यरत कर्मचारीहरुको साझा संगठनको रुपमा विनियमावलीमा व्यवस्था भए बमोजिम कर्मचारी युनियनको गठन गरिनेछ ।

## परिच्छेद -१२

**४९. स्व. वि. यु. सम्बन्धी व्यवस्था :**

क) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको छाता संगठनको रुपमा एउटा स्व. वि. यु. रहनेछ ।

ख) स्व. वि. यु.को निर्वाचन प्रकिया तोकिए बमोजिम हुनेछ ।

ग) स्व. वि. यु. को संरक्षकत्व गर्ने काम क्याम्पस प्रमुखको हुनेछ ।

## परिच्छेद -१३

**५०. क्याम्पसको छाप :**

क) क्याम्पसको आफ्नो छुट्टै छाप (Stamp) हुनेछ ।

ख) क्याम्पसको छाप नेपाली तथा अंग्रेजीमा तपसिल बमोजिम हुनेछ ।